जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २६२ २०७९ साल जेठ ११ गते बुधबार (25 May 2022 Wednesday) मूल्य रु. ५/-

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं!

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षौंदेखि एउटै कार्यक्रम,... ३ पृष्ठमा : मूल्यबृद्धि फिर्ता गर्न ... ३ पृष्ठमा नयाँ औद्योगिक क्रान्तिमा सहयोग...

## ब्युटी, लक्ष्मीपछि सरस्वतीको बिजोग

# अदालतको आदेशपछि ताला फुटाएर सरस्वतीलाई गराइयो गृह प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १० जेठ ।**

सप्तरीमा एकपछि अर्की महिला विभिन्न घरेलु हिंसाको शिकारमा पर्दै आएकी छिन् । दुई महिनाभित्र अदालतले दिएको संरक्षाणात्मक आदेशपछि पीडित तीन महिलालाई घर भित्राइएको थियो । तीनै महिलामाथी थप दाइजो ल्याउन दबाब दिँदै परिवारजनले विभिन्न शारीरिक तथा मानसिक यातना दिँदै आएका थिए ।
पछिल्लो पटक परिवारजनले कुटपिट गरि घर निकाला गरिएकी एक महिलालाई अदालतको आदेशपछि मंगलबार घर भित्राइएको छ ।

राजविराज नगरपालिका १ बस्ने सुरेश कुमार दासकी २६ वर्षिया पत्नी सरस्वती कुमारीलाई जनप्रतिनिधि, कानुन व्यवसायी, संचारकर्मी, अधिकारकर्मी, प्रहरी र स्थानिय भरभलादमी समेतको उपस्थितिका बीच घर भित्राइएको हो ।

घर प्रवेशका लागि व्यवस्था मिलाउन प्रहरीसहितको टोली आउन लागेको थाहा पाएपछि सरस्वतीका ससुरा शुभनारायण, सासु राजोदेवी लगायत परिवारका अन्य सदस्यले घरको मूल गेटको भित्र र बाहिरपट्टीबाट समेत ताला लगाएका थिए ।

ताल्चा खोल्न आग्रह गर्दा पनि परिवारजनले नमानेपछि सरस्वती स्वयमले हतौडा र ढुङ्गाले ताल्चा फुटाएर घर प्रवेश गरेकी थिइन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ लोखरम माइत रहेकी सरस्वतीको २०७२ साल जेठ २९ गते सुरेशसँग विवाह भएको थियो । केही दिनपछि दाइजोको विषयलाई लिएर परिवारका सदस्यसित परेको खटपटका कारण उनलाई डेढ वर्षअघि कुटपिट गर्दै घर निकाला गरिएपछि न्यायका लागि उनी सप्तरी जिल्ला अदालतमा घरेलु हिंसाको मुद्दा दर्ता गर्न पुगेकी थिइन् ।

अधिवक्ता किरणकुमारी शाहले उनलाई निशुल्क कानुनी सहायता उपलब्ध गराएकी थिइन् । उक्त मुद्दा उपर सुनुवाई गर्दै अघिल्लो दिन सोमबार न्यायाधिश सूर्यनाथ प्रकाश अधिकारीको इजलाशले मुद्दाको अन्तिम निर्णय नभएसम्म अन्तरिम संरक्षणात्मक आदेश जारि गरेपछि उनलाई घर प्रवेश गराइएको प्रहरीको भनाई छ ।

सरस्वतीले दाइजोका लागि पटक पटक पति सुरेशका साथै सासु, ससुराले मानसिक तथा शारिरीक यातना दिने गरेको सुनाइन् । पछिल्लो पटक त काँखे छोरासहित कुटपिट गर्दै घर निकाला नै गरिदिएपछि अन्तिम स्थितिमा अदालत पुगेको उनले बताइन् ।

अदालतको आदेशमा, "दुई नाबालक छोराहरुसहित सरस्वतीलाई निज बसि आएको घरमा बसोवास गर्न दिनु तथा कुटपिट र गाली बेइज्जत नगर्नु" उल्लेख छ ।

यसअघि परिवारजनबाट विभिन्न बहानामा कुटपिट गरि घर निकाला गरिएकी राजविराज नगरपालिका ५ की २० वर्षिय ब्युटी झा र रुपनी गाउँपालिका ७ की २५ वर्षिया लक्ष्मी भगतलाई पनि अदालतकै आदेशमा घर भित्राइएको थियो ।

# मेयर यादव फोहर व्यवस्थापनमा सक्रिय

**दैनिक समाचारदाता**
**राजविराज, १० जेठ ।**

राजविराज नगरपालिकाका मेयर भिमराज यादव फोहर व्यवस्थापनमा सक्रिय भएका छन् ।

पदभार ग्रहण गरेको भोलिपल्ट मंगलबारदेखी नै उनी फोहर व्यवस्थापनका लागि डम्पिङ साइट निर्माणका लागि सक्रियता देखाएका हुन् ।

वर्षोदेखी राजविराज नगरमा फोहर व्यवस्थापन गर्न कठिनाई भइरहेको बेला मेयर यादवले वडा नं. १५ स्थित खाँडो खोला छेउको ४४ का जग्गा २० वर्षका लागि लिजमा लिएर फोहर बिसर्जन गर्ने योजना बनेपछि उक्त स्थानको स्थलगत निरिक्षण समेत गरे ।



केही निर्माण सामाग्रि समेत लिएर उनी उक्त स्थान पुगि निजि खर्चमा जग्गामा सोलिङका लागि आवश्यक इटा र माटो खन्नका लागि स्कारभेटर समेतको व्यवस्था मिलाउने घोषणा गर्दै जग्गाको घेरबेर र आवश्यक व्यवस्था तत्कालै मिलाउन निर्देशन समेत दिए ।

फोहर व्यवस्थापन गर्न आवश्यक डम्पिङ ठाउँको तयारीमा जुटेका उनी फोहर व्यवस्थापन नभएका कारण दुर्घगन्धित रहेको राजविराज नगरलाई सुगन्धित बनाउने आफ्नो पहिलो प्रयास रहेको बताए ।
फोहर मैलाको व्यवस्थापनबाटै आफुले काम सुरुवात गरेको जनाउँदै मेयर यादवले आफू निर्वाचित भएको तीन महिनामै सुधारको प्रत्याभूती दिलाउने प्रतिबद्धता पनि व्यक्त गरे ।

# रुपनी र महादेवामा पदस्थापन

**दैनिक समाचारदाता**
**राजविराज, १० जेठ ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ले सप्तरीको तीन पालिकामा जित हासिल गरेको छ । मंगलबार तीन मध्ये दुई पालिकामा लोसपाबाट निर्वाचित जनप्रतिनिधिहरुले पदभार ग्रहण गरेका छन् ।
जिल्लाको रुपनी तथा महादेवा गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्षसहित अन्य नवनिर्वाचित पदाधिकारीले सपथसँगैं पदभार ग्रहण गरे । पदभार ग्रहणसँगै गाउँपालिकामा देखिएका समस्याहरु समाधान गर्न सक्रियताका साथ लाग्ने नवनिर्वाचित जनप्रतिनिधिहरुले प्रतिबद्धता व्यक्त गरेका छन् ।

जिल्लाको महादेवा गाउँपालिकामा सुनिल कुमार मण्डल र उपाध्यक्षमा अर्चना यादव निर्वाचित भएकी छिन् । त्यस्तै रुपनी गाउँपालिका अध्यक्षमा दिनेश यादव र उपाध्यक्षमा पुष्पा श्रेष्ठ लौगि निर्वाचित भएकी छिन् ।
यता लोसपाले जितेको अर्को छिन्नमस्ता गाउँपालिकामा भने शुक्रबार पदस्थापना कार्यक्रम गरिने सो पार्टीले जनाएको छ ।



# सप्तरीमा कांग्रेस बन्यो ठूलो दल

सप्तरी, १० जेठ (रासस) ।

स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत सप्तरीमा पाँच पालिका प्रमुख जित्दै नेपाली कांग्रेसले आफ्नो पूर्ववत अवस्था कायम राखेको छ ।

कूल १८ वटा स्थानीय तह रहेको सप्तरीमा कांग्रेसले सात उपप्रमुख र ४१ वडा अध्यक्षसमेत जितेको छ । विसं २०७४ को चुनावमा पनि कांग्रेसले पाँच प्रमुख र सात उपप्रमुखमा विजयी हासिल गरेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

यसअघि जित हासिल गरेको सुरुङ्गामा कांग्रेस प्रमुख र उपप्रमुखमा निर्वाचित हुन सके पनि शम्भुनाथ नगरपालिका तथा विष्णुपुर, राजगढ र अग्नीसाइर कृष्णसवरन गाउँपालिकामा भने कांग्रेसले नेतृत्व दोहोऱ्याउन सकेन । तर नयाँ पालिकाको रूपमा सप्तकोसी र कञ्चनरूप नगरपालिका तथा तिलाठी कोईलाडी र तिरहुत गाउँपालिकाको प्रमुख र उपप्रमुख जितेर कांग्रेसले पहिलेको अवस्था कायम राखेको कांग्रेस सप्तरीका अध्यक्ष रामदेव साह बताउनुहुन्छ । यसअघि जितेको विष्णुपुर र अग्नीसाइर कृष्णसवरन गाउँपालिकाको अध्यक्ष गुमाएको कांग्रेसले उपाध्यक्ष भने जितेको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र रहेको सप्तरीमा जनता समाजवादी पार्टीलाई नराम्रो धक्का लागेको छ । जसपाले यसपटक दुई पालिका प्रमुख र एक गाउँपालिका अध्यक्षमा चित्त बुझाउनुपरेको छ । राजविराज र बोदे बर्साइन नगरपालिकाको प्रमुख, उपप्रमुख तथा विष्णुपुर गाउँपालिकाको अध्यक्ष जितेको जसपाले राजगढ गाउँपालिका तथा खडक र हनुमाननगर कंकालिनी नगरपालिकाको उपप्रमुख मात्र जितेको छ । वडामा भने सबैभन्दा बढी ४६ वडाध्यक्ष पदमा जसपा विजयी भएको छ ।

गत स्थानीय तह विसं २०७४ को निर्वाचनमा तत्कालीन सङ्घीय समाजवादी फोरमले सप्तरीको बोदे बर्साइन र खडग नगरपालिका तथा तिरहुत, महादेवा र बलान बिहुल गाउँपालिका जितेको थियो । यसमध्ये बोदे बर्साइनमा जसपाले जित कायम राखेको छ । गत निर्वाचनमा छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष जितेको तत्कालीन नयाँ शक्ति पार्टी जसपामै समायोजन भएको थियो । त्यो लोसपाले लगेको छ ।

तत्कालीन सङ्घीय समाजवादी फोरम र राजपा मिलेर बनेको जसपा केही वर्षमा फुटेर जसपा र लोसपामा विभाजन भएको थियो । जसपा र लोसपा बनेपछि फोरमबाट निर्वाचित पदाधिकारी जसपामै रहे । राजपाबाट निर्वाचित पाँच पालिका प्रमुखमध्ये रूपनी गाउँपालिका तथा राजविराज, डाक्नेश्वरी र हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख जसपामै बसे । राजपाबाट निर्वाचित चारपालिकामध्ये तिलाठी कोईलाडी गाउँपालिका अध्यक्षले मात्र लोसपा रोजे ।

यी सबै समायोजनका कारण निर्वाचन पूर्वसप्तरीमा १८ मध्ये जसपाको १० वटा स्थानीय तहमा नेतृत्व थियो । मनोनयनकै दिन राजविराजका नगरप्रमुख शम्भुप्रसाद यादव माओवादी प्रवेश गरेर चुनाव लडे । तथापि जसपाले राजविराजमा जित हासिल गरेको छ र कांग्रेसबाट खोसेर विष्णुपुर गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएको छ । बोदे बर्साइन नगरपालिकामा पुरानो विरासत जोगाउन जसपा सफल भएको छ । त्यसबाहेक जसपाले अन्य पालिकाहरूको नेतृत्व गुमाएको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र सप्तरीको क्षेत्र नम्बर २ मा रहेको चार पालिकामध्ये जसपाले ३ वटामा हार बेहोरेको छ । महादेवा र छिन्नमस्ता गाउँपालिकाको अध्यक्षमा लोसपा तथा तिलाठी कोइलाडीको अध्यक्ष, उपाध्यक्षमा कांग्रेस विजयी भएको छ । जिल्ला र प्रदेशस्तरमा नेताहरूले पार्टीकै उम्मेदवारको विरोध गरेर अन्तर्घात गरेकाले जसपाले धेरै सिट

*बाँकी चार पृष्ठमा*

# वर्षौंदेखि एउटै कार्यक्रम, भएन कार्यान्वयन

*- रमेश लम्साल*

काठमाडौँ, ९ जेठ –रासस) ।

सरकारले वार्षिक रुपमा ल्याउने गरेको नीति र कार्यक्रममा विगत १० वर्षदेखि एउटै योजना राखिएका छन् । एउटै कार्यक्रम समावेश छन् । ती कुनै पनि वर्ष छुट्दैनन्, कहिल्यै कार्यान्वयन हुँदैनन् र पूरा पनि हुँदैनन् । बजेट खर्च भएको छ, जनशक्ति पनि परिचालित छन् । त्यसले नागरिकलाई खास अर्थमा लाभ पनि दिएको हुँदैन । सरकारी निकाय पनि यसमा जानकार छ ।

राजनीतिक नेतृत्वले पनि यो विषयमा राम्रै जानकारी राखेको छ । यस्तै अवस्थाका बीचमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मंगलबार सङ्घीय संसद्को संयुक्त सदनमा पेश हुँदैछ । सरकारको नीति तथा कार्यक्रममा राखिने, अघि बढाइने, जोड दिने, प्रभावकारी तुल्याउने, सुनिश्चित गरिने जस्ता शब्दले पनि धेरै आयोजनाको महत्व र गरिमालाई नै कम गरिरहेको अनुभव हुने गरेको छ ।

सरकारको वार्षिक लक्ष्य र विकासप्रति आम जनताको चाहनालाई खास अर्थमा सम्बोधन हुन नसकेको गुनासो पनि सर्वत्र उठ्ने गरेको छ । राष्ट्रिय गौरव र रणनीतिक महत्वका र रुपान्तरणकारी भनिएका आयोजनाको समेत प्रगति हुन सकेको छैन । एउटा ठूलो परियोजना सम्पन्न हुँदा त्यसले मुलुकको अर्थतन्त्रमा पार्ने प्रभाव दुरगामी भएपनि लागत र समय बढ्दै जाँदा अन्योल झनै बढाइदिएको छ । कतिपय अवस्थामा कुनै तयारीमा नै नभएका आयोजनालाई राजनीतिक नेतृत्वले दबाब दिएर राख्न लगाउने गरेका कारण पनि हरेक वर्ष नीति तथा कार्यक्रममा समावेश हुने र कार्यान्वयनमा नजाने अवस्थाको सिर्जना भएको छ ।

पछिल्ला चार वर्षका नीति तथा कार्यक्रमको हालत पनि उस्तै छ । दर्जनौं स्थानमा पूरा नहुने, जोड दिइने, अघि बढाइने, प्रभावकारी बनाउने जस्ता शब्द राखेर आयोजनाको मूल्यमाथि नै मजाक उडाउने काम भएको जानकारहरुको टिप्पणी छ । पछिल्ला १० वर्षको नीति तथा कार्यक्रममा हरेक वर्ष शब्द फेरेर राखिएका अनेकौं आयोजनामध्येका हुन्, पूर्व पश्चिम विद्युतीय रेलमार्ग र केरुङ–काठमाडौँ–पोखरा–लुम्बिनी रेलमार्ग । राष्ट्रिय महत्व राख्ने यी आयोजनाहरुको प्रगति भने निकै सुस्त छ ।

यस्तै हरेक वर्षको नीति तथा कार्यक्रममा सधैँ राखिने अर्को योजना हो, ७७ वटै जिल्ला सदरमुकामलाई सडक सञ्जालले जोड्ने । हुम्ला र डोल्पा सदरमुकामलाई सडक सञ्जालले जोड्ने कार्यक्रम २०६४ सालदेखि निरन्तर छ । हरेक वर्षको कार्यक्रममा दुई वर्षभित्र हुम्ला सदरमुकाममा सडक सञ्जाल पुऱ्याउने कार्यक्रम राखिएको भएपनि त्यो दुई वर्ष अझै आएको छैन । शान्ति सम्झौतापछि लगातार राखिएको अर्को कार्यक्रम हो– सङ्क्रमणकालीन न्यायका बाँकी काम पूरा गर्ने । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगलाई स्रोत साधन सम्पन्न बनाई सङ्क्रमणकालीन न्यायअन्तर्गतका बाँकी कार्यहरु समयमै पूरा गर्ने काम हरेक वर्ष राखिए पनि हालसम्म पूरा हुन सकेको छैन ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम, एकीकृत सामाजिक सुरक्षा कार्यक्रम, योगदानमा आधारित सामाजिक सुरक्षा, समान कामका लागि समान ज्याला, पाँच वर्षभित्र रोजगारीका लागि विदेश जानुपर्ने स्थितिको अन्त्य प्रधानमन्त्री रोजगार कार्यक्रम, सबै नेपालीलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा र सबै नेपालीलाई स्वास्थ्य बीमाका कार्यक्रम पनि हरेक नीति तथा कार्यक्रममा छुट्दैनन् ।

विसं २०७४ को निर्वाचनपछि तत्कालीन नेकपाको सरकारले ‘समृद्ध नेपाल, सुखी नेपाली’को दीर्घकालीन उद्देश्य प्राप्त गर्ने अठोट गरिएको थियो । आर्थिक वृद्धि हासिल गर्ने, सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, रोजगारी सिर्जना गर्ने र विकासलाई समावेशी र सामाजिक न्यायमा आधारित बनाउने विषयलाई हरेक वर्ष समावेश गरियो । आर्थिक वर्ष २०७५/७६ मा कूल कूल १०३ बुँदे नीति तथा कार्यक्रम थिए । तीमध्ये अधिकांश पूरा भएनन् ।

हुलाक सेवाबाट प्रदान गरिने सेवालाई प्रतिस्पर्धी, व्यावसायिक र विश्वसनीय बनाउने कार्यक्रम लगातार राखिएका छन् । देशभित्रै सुरक्षित छापाखाना स्थापना गरी राहदानी, अन्तःशुल्क, स्टीकर, हुलाक टिकट, जग्गाधनी प्रमाणपत्र र सार्वजनिक महत्वका कागजको सुरक्षण मुद्रण गर्ने विषय पनि निरन्तर कार्यक्रममा समेटिन्छन् । पाँच वर्षभित्र सबै स्थानीय तहमा न्यूनतम १५ शय्याको अस्पताल निर्माण गर्ने, शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाउने, आधारभूत शिक्षा अनिवार्य र निःशुल्क, सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने कार्यक्रम लगातार राखिएका छन् । जनता आवास कार्यक्रमको विस्तार, सम्भाव्य आधारमा ‘मेगा सिटी’ र ‘स्मार्ट सिटी’को रुपमा विकास गर्ने, पूर्वाधार विकासका सार्वजनिक–निजी साझेदारी, सार्वजनिक खरिद जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग, वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी नीति कानून र प्रक्रिया सरल बनाउने कार्यक्रम पनि नियमित रुपमा उल्लेख गरिएको छ । पूर्वाधार निर्माणमा वन क्षेत्रको जग्गा प्रयोगको विषय सधैँ समस्याका रुपमा रहने गरेको छ ।

गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न गर्ने कार्यक्रम करिब पूरा भएको छ । यही जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको छ भने पोखरा क्षेत्रीय विमानस्थल निर्माणको अन्तिम चरणमा छ । आन्तरिक विमानस्थलको स्तरवृद्धि र धावनमार्ग सुधारको कार्यक्रम निरन्तर रुपमा अगाडि बढिरहेको छ । पछिल्ला चार वर्षमा कोशी, गण्डकी र कर्णाली नदीमा जल यातायात सञ्चालन गर्न आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्ने विषय हरेक वर्ष शब्द फेरेर राखिए । ललितपुरमा पानीजहाज कार्यालय पनि स्थापना भयो तर कार्यालयमा कर्मचारी नभएको, योजना र बजेट नभएको, प्राविधिक जनशक्ति नभएको गुनासो कायमै छ ।

पाँच वर्षभित्र काठमाडौँ निजगढ द्रुतमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्ग निर्माण सम्पन्न गर्ने, मदन भण्डारी राजमार्गको निर्माण कार्यमा तीव्रता दिने कार्यक्रम पनि नियमित छ । महत्वपूर्ण राजमार्गलाई ‘एक्सप्रेस हाइवे’मा रुपान्तरित गर्ने, उत्तर–दक्षिण करिडोर निर्माणलाई तीव्र गति दिने, सडक सञ्जालको विकासमा ध्यान दिने शब्द राखेर अगाडि बढाइएका आयोजनाको प्रगति सन्तोषजनक छैन ।

लामो समयदेखि नीति तथा कार्यक्रममा राखिएको लगानीकर्तालाई एकै थलोबाट सेवा प्रदान गर्ने कार्यक्रम गत वर्षदेखि कार्यान्वयनमा आएपनि प्रभावकारी बन्न नसकेको उद्योगी व्यवसायीको भनाइ छ । पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार, स्वदेशी वस्तु र सेवाको उत्पादन, गुणस्तर बृद्धि गर्ने र प्रतिस्पर्धी क्षमताको विकास गर्ने, सिमेन्ट उद्योगलाई क्रमशः निर्यातमूलक उद्योगका रुपमा विकास गर्ने, आत्मनिर्भर हुने गरी चिनी उद्योगको विकास, आवश्यक औषधि देशभित्रै उत्पादन, छाला जुत्ता उद्योगको क्षमता विस्तार गुणस्तरमा सुधार तथा बन्द र रुग्ण उद्योग सार्वजनिक–निजी साझेदारीमा सञ्चालन गर्ने नीति तथा कार्यक्रम लगातार राखिएपनि प्रगति उल्लेखनीय छैन । हरेकजसो सरकारले बन्द भएको गोरखकाली रबर उद्योग, हेटौडा कपडा कारखाना सञ्चालन गर्ने बताएपनि कार्यान्वयन भएको छैन ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्राडा गोविन्दराज पोखरेलका विचारमा पूर्वतयारी नगरी, आर्थिक स्रोत नै उपलब्ध नगराई राखिएका आयोजनाको प्रगति हुन सकेको छैन । अर्बौ बजेट लाग्ने परियोजनाको स्रोत स्पष्ट नहुनु तथा कार्यान्वयन गर्ने जनशक्तिको अभाव पनि उत्तिकै समस्याका रुपमा रहेको उहाँको भनाइ छ । पूर्वतयारी नै नभएका कतिपय आयोजना राजनीतिक नेतृत्वले नाराका रुपमा राख्दा कार्यान्वयन हुन नसकेको पोखरेलको भनाइ छ ।

ऊर्जा क्षेत्रमा केही प्रगति भएपनि पूर्व–पश्चिम राजमार्ग र रसुवागढी–काठमाडौँ–वीरगन्ज करिडोरमा ७६५ केभी क्षमताका प्रसारण लाइन, कर्णाली, कोशी र गण्डकी करिडोरमा उच्च क्षमताका प्रशारण लाइन निर्माणको काम अगाडि बढ्न सकेको छैन । हेटौंडा ढल्केबर-इनरुवा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणमा १२ वर्षदेखि स्थानीयस्तरमा अवरोध हुँदै आएको छ । अन्तरदेशीय प्रसारण लाइन निर्माणमा कार्यक्रम निरन्तर राखिएको छ । त्यस्तै सार्वजनिक–निजी क्षेत्रका लगानीबाट पाँच वर्षमा पाँच हजार, १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने, १० वर्षभित्र विद्युत् खपत १५०० किलोवाट घण्टा पुऱ्याउने र पाँच वर्षभित्र उत्पादनका सबै क्षेत्र, सार्वजनिक यातायात सेवा र अन्य पूर्वाधारमा २४सै घण्टा विद्युत् आपूर्ति गर्ने कार्यक्रम निरन्तर समावेश छन् ।

हरेक वर्ष खेतीपाती गर्ने समयमा रासायनिक मल, बिऊबिजन तथा कृषि सामग्रीको विषय समावेश गरिन्छ तर हरेक वर्ष रासायनिक मलको हाराहारका समाचार उत्तिकै आउँछन् । कृषिबाली लगाउनु पूर्व नै गहुँ, धान र उखुको न्यूनतम समर्थन मूल्य, कृषि उपजको भण्डारण गर्ने, कृषि बीमा, कृषिमा आत्मभिर्नर बन्ने, पाँच वर्षभित्र कृषिमा आश्रित करिब दुईतिहाइ जनसङ्ख्याको ठूलो हिस्सा गैरकृषि क्षेत्रमा परिचालन हुने अवसर सिर्जना गर्ने, कृषिको उत्पादन दोब्बर बनाउने विषयलाई हरेक वर्ष समावेश गरिन्छ ।

आयोगका अर्का पूर्व उपाध्यक्ष प्राडा पुष्पराज कँडेल नेतृत्वको निरन्तरताको अभावका कारण निरन्तर राखिएका कार्यक्रम कार्यान्वयनमा समेत समस्या पैदा भएको बताउनुहुन्छ । ठूला आयोजना अगाडि बढाउन सरकारको स्रोतले मात्रै नधान्ने,

*बाँकी तीन पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine

(NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

*वर्षौंदेखि...*

विदेशी लगानीकर्ता नआउने अवस्थाका कारण ठूला भनिएका परियोजना अगाडि बढ्न नसकेको उल्लेख गर्दै कँडेलले भन्नुभयो "धेरै आयोजनालाई बाँड्दाबाँड्दै ठूला परियोजनामा स्रोत नै नपुग्ने अवस्था छ । त्यसमा परिवर्तन गर्नु जरुरी छ ।" आयोजना किन कार्यान्वयन भएनन् भनेर घचघच्याउने राजनीतिक र प्रशासनिक नेतृत्वको अभाव रहेको जानकारी दिँदै उहाँले अनुगमन पनि नहुने, दण्ड पुरस्कारको व्यवस्था नभएका कारण पनि जटिलता पैदा भएको जानकारी दिनुभयो ।

कृषि, ऊर्जा, उद्योग, यातायात र भौतिक पूर्वाधार, सूचना प्रविधि, पर्यटन र शहरी विकासलाई आर्थिक वृद्धिको सम्वाहकको रुपमा पहिचान गरिएको छ । त्यस्तै दोहोरो अङ्क नजिकको र पाँच वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धि, प्रतिव्यक्ति आय दोब्बर, १० वर्षभित्र मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नति गर्नेजस्ता कार्यक्रम पनि नियमित रुपमा राखिएका छन् । नीति तथा कार्यक्रममा कहिल्यै नछुट्ने अर्को आयोजना हो–बुढीगण्डकी । सो आयोजनाको हालसम्म 'मोडालिटी' समेत तय हुन सकेको छैन । वर्तमान सरकारले स्वदेशी लगानीमा निर्माण गर्ने निर्णय गरेको छ । पश्चिम सेतीको अवस्था पनि त्यस्तै छ ।

आव २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रममा कूल २१८ बुँदामा समेटिएको थियो । त्यसमा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाक्षालाई प्रमुख प्राथमिकतामा राखिएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम, एकीकृत सामाजिक सुरक्षा योजना, जेष्ठ नागरिक स्वास्थ्य बीमासहित आगामी आवलाई तीव्र विकासको वर्षका रुपमा रहने स्पष्ट पारिएको थियो । अर्थशास्त्री डा डिल्लीराज खनाल हाम्रो प्रणाली र योजनालाई एक अर्कामा आवद्ध गर्ने विषयमा नै समस्या रहेको देख्नुहुन्छ । अधिकांश आयोजना छनोटमा नै समस्या छ । 'पुल' र 'पुस' का आधारमा योजना छनोट गरिन्छ । प्राविधिक जनशक्ति, स्रोत तथा साधनमा पनि ध्यान नदिइएको कारण आयोजनाले गति लिन नसकेको खनालको भनाइ छ । पछिल्ला दिनमा राष्ट्रिय गौरवभन्दा पनि माथि रहने गरेर रुपान्तरणकारी परियोजना भनेर राखिए पनि स्रोतको सुनिश्चितता हुन सकेको छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि धेरैजसो ठूला आयोजनामा समस्या रहेको अध्ययनबाट निष्कर्ष निकालेको छ । सुधार गरेर परिणाम निकाल्नेतर्फ राजनीतिक र प्रशासनिक नेतृत्वले पनि ध्यान दिन नसकेको खनालको कथन छ । नीति तथा कार्यक्रम तय गर्ने निकायबीच समन्वयको अभाव, स्रोत र साधन नभई अगाडि बढाइएका आयोजना, निरन्तर लक्ष्यमा भइरहेका परिवर्तन तथा कार्यान्वयन, प्रगति मूल्याङ्कनलाई वस्तुपरक बनाउन नस्कनु, अस्पष्ट नीति, कर्मचारीको अभावलगायतका कारणले हरेक वर्ष आयोजना राख्ने र कार्यान्वयन नहुने अवस्था छ ।

सरकार र कार्यान्वयन गर्ने निकायको नीतिमा नै अस्पटता, प्रतिफल दिने सम्भाव्यता नै नभएका परियोजना तथा सूचना प्राप्तिमा रहेको समस्यालगायतका कारणले पनि परियोजनामा जटिलता पैदा गरेको छ । त्यसको सुधारका लागि स्रोतको सुनिश्चित नभएका आयोजना अगाडि नबढाउने, बलियो अनुगमन संयन्त्रको स्थापना, राजनीतिक र प्रशासनिक नेतृत्वको स्पष्ट दृष्टिकोण एवम् धरातलीय यथार्थमा आधारित परियोजनाको खोजी गर्नु जरुरी देखिन्छ । अन्यथा, हरेक नीति तथा कार्यक्रममा राख्ने, प्रचार गर्ने कार्यान्वयन नहुने प्रवृत्तिबाट मुक्ति पाउन सकिदैन । विकास निर्माणको कामले नागरिकको जीवनस्तर सुधार नगरेसम्म जस्तोसुकै नीति कार्यक्रम पनि कागजी पुलिन्दाबाहेक केही हुनेछैन ।

# मूल्यबृद्धि फिर्ता गर्न उद्योगमन्त्रीसमक्ष ध्यानाकर्षण

काठमाडौं, १० जेठ (रासस) ।

१५ विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थमा गरिएको मूल्यबृद्धि फिर्ता गर्न माग गरेका छन् । उद्योग, बाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुलाई मंगलबार मन्त्रालयमा भेटि ती विद्यार्थी सङ्गठनले ध्यानाकर्षण पत्र बुझाउँदै पेट्रोलिय पदार्थ र ग्याससमा गरिएको मूल्यबृद्धि फिर्ता गर्न माग गरेका हुन् ।

मन्त्री बडुले अहिले नै मूल्यबृद्धि फिर्ता गर्नका लागि केही भन्न नसक्ने र मूल्यवृद्धिका सम्बन्धमा मंगलबार छलफल गरिने बताउनुभएको बैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठनका अध्यक्ष राजेश्वरी सुवेदीले जानकारी दिनुभयो । विद्यार्थी सङ्गठनले मन्त्रालय र संयुक्त विद्यार्थी सङगठनबीच विगतमा भएको सहमति कार्यन्वयन गरी एलपी ग्यास र मट्टीतेलमा विद्यार्थीहरुलाई सहुलियतको मागसमेत गरेका छन् ।

यस्तै विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थमा विभिन्न बहानामा लगाईएको अत्याधिक कर बारे पुनर्विचार गर्नुपर्ने, बैकल्पिक उर्जाको खोज अनुसन्धान र प्रयोगका लागि कार्यदल गठन गरी काम गर्नुपर्ने, पेट्रोलियम पदार्थमा भएको एकाधिकार खारेज गरी खुला प्रतिस्पर्धाबाट आपूर्ति गर्न माग गरेका छन् । पेट्रोलियम पदार्थको कच्चा तेल प्रशोधन केन्द्र स्थापना गर्न कुनै पनि बहानामा सरकारको स्वामित्वमा रहेको नेपाल आयल निगमलाई निजिकरण गर्ने विषयमा गम्भीरतापूर्वक सोच्नसमेत आग्रह गरेका छन् ।

यस्तै विद्याथी सङ्गठनले भोलि जेठ ११ गते पेट्रोलियम पदार्थको मूल्यबृद्धि फिर्ताको माग गर्दै नेपाल आयल निगम घेराउ गर्ने कार्यक्रम सार्वजनिक गरेका छन् । आयल निगमले गत बैशाख ३१ गते पेट्रोलियम पदार्थमा प्रति लिटर १० रुपैयाँ तथा पुन: जेठ ८ गते पेट्रोलियम पदार्थमा प्रति लिटर १० रुपैयाँ र एलपी ग्यासमा प्रति सिलिण्डरमा रु २०० वृद्धि गरेको थियो ।

नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियु, अखिल (छैटौं), सजाजवादी विद्यार्थी युनियनलगायतका १५ विद्यार्थी सङ्गठनले ध्यानाकर्षणपत्र बुझाएका हुन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टंन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## नयाँ औद्योगिक क्रान्तिमा सहयोग गर्न ब्रिक्सको आह्वान

सियामेन, १० जेठ (रासस/सिन्ह्वा) ।

उदीयमान अर्थतन्त्रका रुपमा विश्वमा परिचय बनाएका ब्राजिल, रुस, भारत, चीन र दक्षिणअफ्रिका प्रमुख सदस्य रहेको समूह (ब्रिक्स)का उद्योग मन्त्रीहरूले दिगो विकासका लक्ष्य हासिल गर्न नयाँ औद्योगिक क्रान्ति अपरिहार्य भएको बताउँदै त्यस निम्ति पारस्परिक एवम् नवप्रवर्तनयुक्त सहयोगलाई अझ सुदृढ तुल्याउन आह्वान गरेका छन् ।

भिडियो लिङ्कमार्फत यहाँ सम्पन्न ब्रिक्स उद्योग मन्त्रीहरूको छैटौं बैठकमा उनीहरूले स्थिर, सुरक्षित, खुला, निष्पक्ष, जीवन्त र लचिलो वातावरण सिर्जना गर्दै औद्योगिक सहयोगलाई अझ सुदृढ तुल्याउन तथा अर्थतन्त्रको पुनरुत्थान अभिवृद्धि गर्न त्यस्तो आह्वान गरेका हुन् ।

विश्वले बितेको एक शताब्दीमा कहिल्यै नदेखिएको महामारीको सामना गर्नुपरेको यथार्थ प्रस्तुत गर्दै चीनका उद्योग तथा सूचना प्रविधि मन्त्री सियाओ याछिङले चिनियाँ सरकारले महामारीविरुद्धको प्रतिकार्य र सामाजिक–आर्थिक विकासलाई सन्तुलनमा राख्न सक्रिय कदम चालेको बताउनुभयो ।

बैठकमा समूहका मन्त्रीबीच सन् २०१५ मा भएको पहिलो बैठकका निर्णयको प्रगति समीक्षा, आपसी सहयोग प्रवर्द्धन, नयाँ औद्योगिक क्रान्तिमा समूहको साझेदारी, परम्परागत उद्योगको 'डिजिटल' रुपान्तरण, औद्योगिक तथा आपूर्ति शृङ्खलामा सहकार्य गर्ने विषयमा विचार आदानप्रदान भएको थियो ।

## 'युक्रेनमा रुसी आक्रमण विश्वव्यापी मुद्दा'

ल्यिभ, युक्रेन/बर्लिन, १० जेठ (रोयटर्स) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनको सङ्कट विश्वव्यापी मुद्दा भएको उल्लेख गर्दै त्यसले अन्तरराष्ट्रिय व्यवस्था, क्षेत्रीय अखण्डता र सार्वभौमसत्ता कायम राख्ने महत्वलाई बढाएको बताउनुभएको छ ।

टोकियोमा एशिया–प्रशान्त क्षेत्रका नेताको 'क्वाड' बैठकमा चीनले दाबी गरेको स्वशासित टापु ताइवानको लागि अमेरिकी सैन्य समर्थन स्वैच्छिकरूपमा आएको टिप्पणी गरेको एक दिनपछि अमेरिकी राष्ट्रपतिले युक्रेन सङ्कट युरोपेली मुद्दा मात्र नभएर त्यो विश्वव्यापी विषय भएको बताउनुभएको हो ।

संयुक्त राज्य अमेरिका, जापान, भारत र अष्ट्रेलिया सहभागी क्वाड बैठकमा युक्रेनको अवस्थाबारे मन्तव्य व्यक्त गर्दै उहाँले आफ्नो मुलुक अमेरिकाका सहयोगीका साथमा रहने तथा स्वतन्त्र र खुला एशिया–प्रशान्त क्षेत्रका निम्ति लागिपर्नेमा जोड दिनुभयो । "अन्तरराष्ट्रिय कानून, मानवअधिकार संसारमा जहाँसुकै उल्लङ्घन भएता पनि सधैं रक्षा गर्नुपर्छ," उहाँले भन्नुभयो ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सोमबार डाभोसमा विश्वव्यापी व्यापारिक नेतासमक्ष पाशविक शक्ति प्रयोग गर्नबाट रोक्न विश्वले रूस विरुद्ध प्रतिबन्ध बढाउनुपर्नेमा जोड दिनुभएको थियो ।

सम्भवत:युरोपेली सङ्घ केही दिनभित्ररूसी तेल आयातमा प्रतिबन्ध लगाउन सहमत हुनेछ र रुसबाट सर्वाधिक इन्धन आयात गर्ने जर्मनीले पनि मस्कोको इच्छामा तुषारापात गर्नेछ । मस्कोले युक्रेन द्वन्द्वमा पश्चिमा देशले आफूलाई एक्ल्याए पनि चीनसँगको आफ्नो आर्थिक सम्बन्ध बढ्ने बताएको छ । "हामी केही दिन भित्रै सफलतामा पुग्नेछौं," जर्मनीका अर्थमन्त्री रोबर्ट ह्याबेकले भन्नुभएको छ ।

सत्ताइस सदस्यीय सङ्घका अधिकांश राष्ट्ररूसी ऊर्जामा निर्भर छन् । यस्तो परिस्थितिमा सङ्घले रुसी इन्धन आपूर्ति रोक्न द्रुत गतिमा अघि नबढेकामा किभबाट चर्को आलोचना खेप्नुपरेको छ ।

हङ्गेरीले प्रतिबन्धमा सहमत हुनुअघि ऊर्जा लगानीको माग गरेको छ भने सङ्घका सदस्य राष्ट्रले पनि द्रुत स्वीकृतिमा जोड दिएका छन् । सङ्घले गैर–रूसी आपूर्तिको अभाव भएका मध्य र पूर्वीराष्ट्रलाई दुई अर्ब यूरो सम्मको प्रस्ताव गरेको छ ।

यसैबीच, रुसी विदेशमन्त्री सर्गेई लाभरोभले संयुक्त राज्य अमेरिका र युरोपसँगको आर्थिक सम्बन्ध टुटेपछि क्रेमलिनले चीनसँगको सम्बन्ध विकासमा ध्यान दिने बताउनुभएको छ । "यदि उनीहरू (पश्चिमा देश) सम्बन्ध पुन:सुरु गर्ने सन्दर्भमा केही प्रस्ताव गर्न चाहन्छन् भने हामी त्यसलाई आवश्यक भएनभएको सम्बन्धमा गम्भीरतापूर्वक विचार गर्नेछौं, जब पश्चिमाले तानाशाहको रुप लिएको छ, चीनसँगको हाम्रो आर्थिक सम्बन्ध अझ तीव्र हुनेछ," उहाँले भन्नुभएको छ ।

सन् १९४५ पछि युरोपेली देशमा भएको रूसको तीन महिना लामो आक्रमणलाई सबैभन्दा ठूलो हो । आक्रमणबाट बच्न ६५ लाखभन्दा बढी विदेश पलायन भएका छन्भने सम्पूर्ण शहर भग्नावशेषमा परिणत भएका छन् जसले रूसमाथि अनपेक्षित प्रतिबन्ध लगाउन पश्चिमा राष्ट्रलाई प्रेरित गरेको छ ।

राष्ट्रपति जेलेन्स्कीले सोमबार युक्रेनका सहयोगीलाई बन्दी आदानप्रदानका लागि मस्कोलाई दबाब दिन आह्वान गर्नुभयो । उहाँले "हामीलाई रूसी सेनाको आवश्यकता छैन, हामीलाई केवल हाम्रा चाहिन्छ, हामी भोलि पनि बन्दी आदानप्रदानका लागि तयार छौं," भन्नुभयो ।

# वीरगञ्ज महानगरपालिकामा गठबन्धनका उम्मेदवार निर्वाचित

वीरगञ्ज, १० जेठ (रासस)। वीरगञ्ज महानगरको प्रमुख र उपप्रमुख पदमा गठबन्धनका उम्मेदवार विजयी भएका छन्। प्रमुख पदमा जनता समाजवादी पार्टी (जसपा) का राजेशमान सिंह ४६ हजार २१५ मतप्राप्त गरी विजयी बन्नुभएको हो।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा उहाँका निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार बिजयकुमार सरावगीले २३ हजार ६७१ मत प्राप्त गर्नुभयो। आफ्ना निकटतम प्रतिद्वन्द्वी वीरगञ्जका निवर्तमान नगरप्रमुख सरावगीलाई २२ हजार ५४४ मतान्तरले पराजित गर्दै सिंह मधेश प्रदेशको एकमात्र महानगरपालिकाको प्रमुखमा निर्वाचित हुनुभएको हो। यसैगरी उपप्रमुख पदमा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेस इम्तियाज आलम कूल २५ हजार १५८ मतसहित विजयी हुनुभएको छ भने उहाँका निकटतम् प्रतिस्पर्धी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का पुरुषोत्तमलाल झाले छ हजार ७१९ मत प्राप्त गर्नुभयो। निर्वाचन कार्यालयले मतपरिणामको आधिकारिक घोषणा गर्न भने बाँकी नै छ।

महानगरपालिका नेतृत्वका लागि गठबन्धन बनाउँदा कांग्रेस, नेकपा ( माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा)का बीच एक समूह बनाएर सिंहलाई उम्मेदवार बनाइएको थियो भने एमाले र लोसपाले समूह बनाएर सरावगीलाई उम्मेदवार बनाइएको थियो।

# १२ पालिकाको अन्तिम मतपरिणाम आउन बाँकी

काठमाडौँ, १० जेठ (रासस)।

स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएको ११ दिन भइसक्दा अझै १२ पालिकाको अन्तिम मतपरिणाम आउन बाँकी छ। निर्वाचन आयोगका अनुसार हालसम्म ४६० गाउँपालिकाका र २७९ नगरपालिकाको अन्तिम नतिजा सार्वजनिक भइसकेको छ।

छमध्ये तीन महानगरपालिकाको मतगणना सम्पन्न भइसकेको छ। विराटनगर, भरतपुर र वीरगन्ज महानगरको मतपरिणाम सार्वजनिक भइसकेको छ। विराटनगरमा नागेश कोइराला, भरतपुरमा रेनु दाहाल र वीरगन्ज महानगरमा राजेशमान सिंह विजयी भइसक्नुभएको छ। काठमाडौँ, पोखरा र ललितपुर महानगर, तुलसीपुर उपमहानगरपालिका, उदयपुरको कटारी र त्रियुगा नगरपालिका, रौतहटको गढीमाई, गरुडा र फतुवा विजयपुर नगरपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिका, कपिलवस्तुको महाराजगन्ज नगरपालिका, बाजुराको बूढीगंगा गाउँपालिकालगायत केही नगरपालिकामा मतगणना जारी रहेको आयोगले जनाएको छ। काठमाडौँ महानगरमा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह, ललितपुरमा कांग्रेसका चिरिबाबु महर्जन, पोखरामा नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्य र तुलसीपुर उपमहानगरपालिकामा नेकपा (एमाले)का टिकाराम खड्का अगाडि हुनुहुन्छ।

नतिजा सार्वजनिक भएकामध्ये ३२२ पालिकाको प्रमुखमा नेपाली कांग्रेस विजयी भएको छ। कांग्रेसले १८८ गाउँपालिको अध्यक्ष र १३४ नगरको प्रमुखमा जित हासिल गरेको छ। एमालेले १२३ गाउँपालिका अध्यक्ष र ७९ नगरप्रमुख गरी २०२ पालिका प्रमुख जितेको छ। यसैगरी नेकपा ( माओवादी केन्द्र) २५ नगरप्रमुख र ९६ गाउँपालिका अध्यक्षसहित १२१ पालिकामा विजयी भएको छ। एकीकृत समाजवादीले ११ र अन्य दल तथा स्वतन्त्र उम्मेदवार ३० नगरमा विजयी भएको आयोगले जनाएको छ। जनता समाजवादी पार्टीले २१ नगरप्रमुख तथा साना दल र स्वन्तन्त्र उम्मेदवारले ३२ गाउँपालिका अध्यक्ष जितेका छन्।

कांग्रेसले १०६ उपप्रमुख र १९० उपाध्यक्ष, एमालेले १०६ उपप्रमुख र १२६ उपाध्यक्ष, माओवादीले ३३ उपप्रमुख र ९५ उपाध्यक्ष, जसपाले उपप्रमुख ११ र १९ उपाध्यक्ष तथा अन्य दलले २३ उपप्रमुख र ३० उपाध्यक्ष जितेका छन्। कांग्रेस सबैभन्दा बढी दुई हजार ६३२ वडामा विजयी भएको छ। एमाले दुई हजार ११२, माओवादी एक हजार ४९, जसपा २९१ र अन्य दल तथा स्वतन्त्र ५८५ वडामा विजयी भएका आयोगको तथ्यांक छ।

## सप्तरीमा...

गुमाउनुपरेको बताउँदै जसपाका युवा नेता तारकेश्वर यादवले त्यस्ता व्यक्तिले तुरुन्तै राजिनामा दिनुपर्ने आक्रोश पोख्नुभयो।

गत निर्वाचनमा सप्तकोसी र कञ्चनरूप नगरपालिकाको प्रमुखमा जितेको एमालेले यसपटक ती दुवै पालिका जोगाउन सकेन्। तथापि एमालेले यसअघि नजितेको ३ पालिकामा जित हासिल गरेको छ। एमालेले कांग्रेसबाट अग्नीसाइर कृष्णसवरन र राजगढ गाउँपालिकाको प्रमुख खोसेको छ भने जसपाबाट डाक्नेश्वरी नगरपालिकाको प्रमुख, उपप्रमुख पद खोसेको छ। जसपा र कांग्रेसपछि एमालेले आफ्ना २४ जनालाई वडा अध्यक्षमा निर्वाचित गर्न सफल भएको छ। जिल्लाको पाँच वटा पालिका जितेको तत्कालीन राजपा यसपटक ३ वटा गाउँपालिको अध्यक्षमा सिमित भएको छ। महादेवा, रूपनीमा अध्यक्ष, उपाध्यक्ष जितेको राजपाले छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष मात्र जितेको छ। पार्टी एकता र विभाजनपछि पाँचमध्ये चार वटा पालिका प्रमुख जसपातिर लागेपनि प्रमुख पदमा जसपा जत्तिकै जित हासिल गरेकोमा राजपा सप्तरीका अध्यक्ष सुनिल झा सन्तोष व्यक्त गर्छन्। लोसपाको नेतृत्वमा बाँकी रहेको तिलाठी कोईलाडी गाउँपालिका जोगाउन नसके पनि जिल्लाका तीन गाउँपालिका अध्यक्ष र दुई उपाध्यक्ष जितेको छ। महादेवा र रूपनी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा छिन्नमस्ता गाउँपालिकाको अध्यक्षमा लोसपाका उम्मेदवार जितेका छन्। लोसपाले जिल्लामा १२ वडा अध्यक्षमा मात्र जित्न सफल भएको छ।

पहिलो पटक निर्वाचनमा भाग लिएको सिके राउत नेतृत्वको जनमत पार्टीले जिल्लाको बलान बिहुल गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख जितेको छ। सिके राउतको गृहपालिका महादेवाको वडा २ जनमत पार्टीले जितेको छ भने गाउँपालिका बहुमतका साथ लोसपाले जितेको छ। जसपाले सुरक्षित पालिका मान्दै आएको हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख पद जनमत पार्टीले खोसेको छ। मधेस प्रदेश सरकारका सामाजिक विकास मन्त्री नवलकिशोर साहका छोरा निवर्तमान नगर प्रमुख शैलेशकुमार साहलाई पराजित गरी जनमतका बिरेन्द्र माझी निर्वाचित भएका छन्। यस्तै जसपाकै अध्यक्ष र उपाध्यक्ष रहेको बलानबिहुल गाउँपालिकामा एउटा वडा अध्यक्षमा जसपा समेटिएको छ। जसपाबाट अध्यक्ष र उपाध्यक्ष दुवै पद यसपटक जनमत पार्टीले खोसेको छ। जनमत पार्टीले जिल्लाका सात वटा वडाध्यक्षसमेत जितेको छ।

अघिल्लो स्थानीय तह निर्वाचनमा जिल्लामा एउटै पालिका प्रमुख र उपप्रमुख जित्न नसकेको नेकपा (माओवादी केन्द्र)ले यसपटक खडक नगरपालिकाको प्रमुख र छिन्नमस्ता गाउँपालिकाको उपाध्यक्ष जित्न सफल भएको छ। नेकपा (एकीकृत समाजवादी) सँगको गठबन्धनमा माओवादीले खडग नगरपालिकाको प्रमुख जितेको छ। गठबन्धनमा रहेको नेकपा (एकीकृत समाजवादी) का उपप्रमुखका उम्मेदवारले भने खडक नगरपालिकामा प्रमुखभन्दा आधा मत मात्र पाएर तेस्रो स्थानमा सीमित भएका छन्। माओवादीले जिल्लाको २० वटा वडासमेत जितेको छ।

एमालेबाट फुटेर गठन भएको नेकपा (एकीकृत समाजवादी)ले शम्भुनाथ नगरपालिकाको नगरप्रमुख र उपप्रमुख जितेको छ। उसले शम्भुनाथ नगरपालिकामा पाँच, सुरुङ्गा नगरपालिकामा चार, खडक नगरपालिकामा दुई, राजविराज नगरपालिका र छिन्नमस्ता गाउँपालिकामा एक/एक वडाध्यक्ष जितेको छ। राप्रपाले राजविराज नगरपालिकाको वडा नम्बर १३ मा त्रिलोकीनाथ चौधरीलाई वडाध्यक्षमा जिताउन सफल भएको छ।


डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरु:
- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,
- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "बचत गरौं समृद्ध बनौं"

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९ मलेठ, सप्तरी
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer, प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*